फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

बैठक संख्याः- आ.व. ०८२/०८३- १७
मितिः-२०८३/३/८ गते सोमबार

फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा प्रस्तावहरूमा छलफल गरि निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | पार्वती सुनुवार | |
| २. | उपाध्यक्ष | राजु बराल | |
| ३. | १ नं. वडा अध्यक्ष | होम बहादुर सुनुवार | |
| ४. | २ नं. वडा अध्यक्ष | शंकर बहादुर भण्डारी | |
| ५. | ३ नं वडा अध्यक्ष | टेक बहादुर रजन मगर | |
| ६. | ४ नं. वडा अध्यक्ष | मोहन मगर | |
| ७. | ५ नं. वडा अध्यक्ष | बैकुण्ठलाल पहाडी | |
| ८. | ६ नं. वडा अध्यक्ष | कुलेन्द्र बहादुर मगर | |
| ९. | कार्यपालिका सदस्य | लिल बहादुर सुनुवार | |
| १० | कार्यपालिका सदस्य | पूर्णमाया थापा मगर | |
| ११. | कार्यपालिका सदस्य | टिकामाया विश्वकर्मा | |
| १२. | कार्यपालिका सदस्य | तारा विश्वकर्मा | |
| १३. | कार्यपालिका सदस्य | सावित्रा कुमारी थापा मगर | |
| १४. | कार्यपालिका सदस्य | मंगलादेवी तामाङ | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | डम्बरबहादुर रजनमगर | |

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमाः
(२) आगामी आ.व. ०८३/०८४ को आय व्यय अनुमान(बजेट) सम्बन्धमा
(३) आर्थिक विधेयक, २०८३ सम्बन्धमा
(४) विनियोजन विधेयक, २०८३ सम्बन्धमा
(५) आर्थिक सहायता सम्बन्धमा
(६) सडक निर्माण सम्बन्धमा
(७) स्वघोषणा सम्बन्धमा
(८) विषयगत समितिको प्रतिवेदन सम्बन्धमा
(९) भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा

Scanned with CamScanner

**निर्णय नं. १. गत बैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमाः**

गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका पहिलो चौमासिक अवधिमा विकास निर्माण कार्य तथा सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २. आगामी आ.व. ०८३/०८४ को आय व्यय अनुमान (बजेट) सम्बन्धमाः**

बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आ.व. ०८३/८४ को लागि आय व्ययको अनुमान सहितको बजेट प्रस्ताव स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनको बैठक संख्या ३ मा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. आर्थिक विधेयक, २०८३ सम्बन्धमाः**

राजश्व परामर्श समितिले आगामी आ.व. ०८३/८४ को लागि पेश भएको **आर्थिक विधेयक, २०८३** स्वीकृत गरी गाउँसभाको अधिवेशनको बैठक संख्या ३ मा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. विनियोजन विधेयक, २०८३ सम्बन्धमाः**

बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आ.व. ०८३/८४ को लागि पेश भएको **विनियोजन विधेयक, २०८३** स्वीकृत गरी गाउँसभाको अधिवेशनको बैठक संख्या ३ मा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५. आर्थिक सहायता सम्बन्धमाः**

(क) रामेछाप जिल्ला रामेछाप नगरपालिका वडा न. ५ स्थायी ठेगाना भई हाल २ नं. वडा स्थित सुम्नामबेसीमा बस्ने नविन कुमार तामाङ्गको छोरा श्री मा.वि. सुम्नामसुन्तलेमा कक्षा ३ मा अध्ययनरत दिपेश तामाङ्ग विद्यालयमा लडेर टाउकोमा चोट लागि हाल भक्तपुर इन्टरनेशनल अस्पताल कौशलटारमा उपचार गरिरहेको र आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायताको लागि वडा कार्यालय, विद्यालयको समेत सिफारिस सहित

Scanned with CamScanner

निवेदन प्राप्त भएको हुँदा निजलाई उपचारमा सहयोग वापत रू. ५० हजार बाल संरक्षण कोष र आर्थिक सहयोग/उपचार खर्च शीर्षकबाट सहयोग दिने निर्णय गरियो।

(ख) फिक्कल गाउँपालिका वडा नं. १ को राष्ट्रिय लोक चुड्का भजन मण्डली समूहले १३ जनालाई पोशाकबापतको रू. ६८ हजार नमस्ते टेलरिङ सिन्धुलीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६. सडक निर्माण सम्बन्धमा**

फिक्कल गाउँपालिका वडा नं. ६ स्थित सालुके च्यासिन्टार सडक निर्माण यस आ.व. मा विनियोजित बजेटले निर्माण गर्दा बजेट नपुगी बाँकी खण्ड रिठौली देखि च्यासिन्टार सम्म जोड्न पालिकाको ब्याकहो लोडर प्रयोग गरी बाटो निर्माण गर्दा लाग्ने इन्धनबापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७. स्वघोषणा गर्ने सम्बन्धमाः**

नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भएबमोजिम फिक्कल गाउँपालिकाले चालु आ.व. आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर करारोपण नगरेको साथै आगामी आ.व. ०८३/०८४ को लागि प्रस्तावित आर्थिक विधेयकमा समेत क्षेत्राधिकार भित्र रहेर करारोपण गरिएको व्यहोरा यसै निर्णयबाट स्वघोषणा गरिन्छ ।

**निर्णय नं. ८. विषयगत समितिको प्रतिवेदन सम्बन्धमा**

तपसिल बमोजिम समितिका संयोजकहरुले प्रस्तुत गर्नुभएको समितिको क्षेत्राधिकार भित्रको हालसम्म भएका अनुकरणीय कार्य, उपलब्धि, कमिकमजोरी, समस्या, चुनौती र आगामी कार्यदिशा सहित समेटिएको प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै प्रतिवेदन छलफलका लागि गाउँसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा पेश गर्ने निर्णय गरियो ।

| विषयगत समिति | संयोजक |
|---|---|
| सामाजिक विकास समिति | श्री टेक बहादुर रजन मगर |
| पूर्वाधार विकास समिति | श्री शंकर बहादुर भण्डारी |
| आर्थिक विकास समिति | श्री कुलेन्द्र बहादुर मगर |
| सुशासन तथा संस्थागत विकास समिति | श्री बैकुण्ठलाल पहाडी |
| वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री लिल वहादुर सुनुवार |

Scanned with CamScanner

**निर्णय नं. ९. भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा**

चालु आ. व. २०८२/०८३ मा यस कार्यालय मार्फत कार्यान्वयन हुने गरी बागमती प्रदेश- विशेष अनुदान अन्तर्गत पाथिभरा आरुबोट सिलुंगे रत्नावती खानेपानी आयोजना वडा नं. ६ कार्य गर्नको लागि विधुतीय खरिद प्रक्रियाबाट बोलपत्रका सम्पूर्ण चरणहरु पुरा गरी मिती २०८२/०८/०२ गते **श्री ए. बि. इन्जिनियरिङ कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा. लि., खाडादेबी गाउँपालिका-२, रामेछाप** संग रु. ४८,३०,६४१.२० (अक्षेरुपी अटचालिस लाख तिस हजार छ सय एकचालिस रुपैया बीस पैंसा मात्र मु. अ. कर र पि. एस. सहित) मा सम्झौता भइ मिती २०८३/०२/३१ गते सम्म कार्य सम्पन्न गर्नुहुन भनि कार्यदिश दिएको। उक्त खानेपानी आयोजना सम्झौता बमोजिम निर्माणकार्य सम्पन्न गर्दा RVT मा मात्र पानी जम्मा हुने भएकोले उपभोक्ताको घर सम्म पानी पुर्याउनको लागि ४० मी. मी. को वितरण पाईपलाइन थप र धारा निर्माणको लागि सिमेन्ट, फिटिङ खरिद गर्नुपर्ने र धारा निर्माण उपभोक्ताहरुबाट नै गर्ने भनी वडाबाट माग भई आएकोले माथि उल्लेखित कार्यको लागि फिल्डमा गई अनुगमन गर्दा सो कार्य गर्नुपर्ने आवश्यक ठम्याई संसोधित लागत अनुमान तयार गरी सम्झौता बमोजिमका Quantity मा भएको थपघटको नापजाच सहित लागत अनुमान भन्दा २३.५४ प्रतिशत बढी रकम सहितको संसोधित लागत अनुमान तयार गरी भुक्तानीको प्रक्रियालाई सहज गर्नको लागि सम्झौता भन्दा २४.८७ प्रतिशत बढी रकम सहितको भेरियसन आदेश तयार पारी सोही योजनाबाट बचेको रकमबाट भुक्तानी गर्ने गरी सम्झौताको मिति २०८३/०३/२० गते सम्म म्याद थप गर्ने गरी सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम १ बमोजिम भेरियसन आदेश (VO) स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner